फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.
First Microfinance Laghu Bitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ" वर्गको थोक लघुवित्त कर्जा प्रदायक लघु वित्त वित्तीय संस्था

च. नं: २०८३/८४/४७

मिति: २०८३/०८/०४

श्री नेपाल स्टक एक्सचेन्ज
युनएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौं ।

बिषय: साधारण सभा तथा सो प्रयोजनको लागि शेयरधनी दर्ता किताव बन्द (Book Close) सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८३/०६/२७ मा बसेको सञ्चालक समितिको २५९ औं बैठकबाट प्रस्ताव गरे वमोजिम आ.व. २०८२/८३ सम्मको वितरणयोग्य मुनाफाबाट २०८३ असार मसान्तको कुल चुक्ता पूँजी रु. १,३४,४८,७१,३२३ को ११.०५२६ प्रतिशतले हुने नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) रु १४,८६,४३,६७३ स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष पेश गरेकोमा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त भएको व्यहोरा जानकारी गराउँदछौं ।

साथै, मिति २०८३/०८/०३ मा बसेको सञ्चालक समितिको २६० औं बैठकले यस लघुवित्त वित्तीय संस्थाको सत्रौं वार्षिक साधारण सभा मिति २०८३/०८/२८ गते सोमवार विहान १०:०० बजे आम्रपाली व्याङ्केट, भाटभटेनी, काठमाण्डौंमा गर्ने निर्णय भएको र सो प्रयोजनका लागि मिति २०८३/०८/१५ गते एक दिन लघु वित्त वित्तीय संस्थाको शेयरधनी दर्ता किताव/शेयर दाखिल खारेज दर्ता वन्द हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**संलग्न**

साधारण सभा सम्वन्धी सुचना तथा थप जानकारीहरु

भवदीय

विजय शर्मा
कम्पनी सचिव

**बोधार्थ**

१) श्री नेपाल धितोपत्र बोर्ड
खुमालटार, ललितपुर ।

२) श्री नेपाल राष्ट्र बैंक
लघुवित्त वित्तीय संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाण्डौं ।

३) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाण्डौं ।

४) श्री नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।

५) श्री ग्लोवल आइएमई क्यापीटल लिमिटेड,
नक्साल, काठमाण्डौं ।

# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.को
## सत्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**शेयरधनी महानुभावहरु,**

यस फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.को सञ्चालक समितिको मिति २०८३ साल मंसिर ३ गते विहिवार बसेको २६० औं बैठकको निर्णयानुसार कम्पनीको सत्रौं वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि अनुरोध गर्दछौं ।

मितिः २०८३ मंसिर २८ गते सोमवार (तदनुसार डिसेम्वर १४, २०२६)
समयः विहान १०.०० बजे
स्थानः आम्रपाली व्याङ्केट, भाटभटेनी, काठमाडौं ।

**छलफलका विषयहरु**

**क) सामान्य प्रस्ताव**

१) आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/८३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पूँजीको ११.०५२६ प्रतिशतले हुने नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) रु. १४,८६,४३,६७३ (अक्षरेपि चौध करोड छयासी लाख त्रिचालीस हजार छ सय त्रिहत्तर मात्र) पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०८३/८४ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५) संस्थापक शेयरधनी (समुह 'क') को तर्फवाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न ३ जना सञ्चालकको निर्वाचन गर्ने ।

**ख) विविध**

६) फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) आवश्यक भएको अवस्थामा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) कार्य सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

First Microfinance

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

## साधारण सभा सम्वन्धी सामान्य जानकारी

१ साधारण सभा प्रयोजनको लागि मिति २०८३/०८/१५ गते एक दिन लघु वित्त वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द (Book Close) हुनुभन्दा अघिल्लो दिनसम्म कारोबार भई शेयर खरिद गरी नियमानुसार निजहरूका नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिन तथा आर्थिक वर्ष २०८२/८३ को लाभांश पाउन योग्य हुनु हुनेछ ।

२ सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन विहानः ९ बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहने छ ।

३ सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागी साधारण सभा वस्ने मिति, समय, स्थान र छलफलका विषयहरू सहितको सूचना र संक्षिप्त वार्षिक आर्थिक विवरणहरु यस लघु वित्त वित्तीय संस्थाको वेबसाइट www.fmdb.com.np मा प्रकाशित गरिएको छ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले संलग्न प्रवेश पत्रको साथै हितग्राहि खाता खोलिएको (डिम्याट)/शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाण पत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिइ आउनु हुन अनुरोध छ ।

४ सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै विहान १०.०० वजे सम्म लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालय ज्ञानेश्वर, काठमाडौंमा दर्ता गराइ सक्नु पर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत लघु वित्त वित्तिय संस्थाको शेयरधनी हुनु आवश्यक छ ।

५ प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुने छ ।

६ प्रतिनिधि नियुक्त गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि मुकरर गरिएको प्रतिनिधि स्वतः वदर हुने छ ।

७ प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी बदर गरीपाँउ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः वदर हुनेछ साथै अर्को प्रतिनिधि मुकरर गरिएको अवस्थामा पछिल्लो मुकरर प्रतिनिधि कायम हुने छ ।

८ नाबालक शेयरधनीको तर्फबाट लघु वित्त वित्तिय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुने छ ।

९ शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले अध्यक्षले वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्ने छन् ।

१० छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरूले छलफल गर्न चाहनुभएको विषय वारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत लघु वित्त वित्तिय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्ने छ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।

११ कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालयवाट उपलव्ध हुने छ ।

१२. माथि दफाहरुमा उल्लेखित दिनमा कुनैपनि सार्वजनिक विदा पर्न गएमा पनि सो दफाहरुमा उल्लेखित प्रयोजनको निमित्त तोकिएको समय सीमा सम्म कम्पनी कार्यालय खुल्ला रहने छ ।

First Microfinance

## निर्वाचन सम्वन्धी जानकारी

१ निर्वाचनमा सञ्चालक पदको उम्मेदवार हुन चाहनेले कम्पनीको नियमावली वमोजिम कम्तीमा १,००० कित्ता शेयर लिएको हुनु पर्नेछ । उक्त शेयर शेयरधनीहरुको दाखिल खारेज दर्ता वन्द हुनु पुर्व कारोवार गरि शेयरवालाको नाममा नामसारी भएको हुनु पर्नेछ । साथै सो शेयर कुनै पनि प्रकारको धितो बन्धकमा नरहेको हुनु पर्नेछ ।

२ प्रतिनिधिपत्रवाट मतदान गर्ने शेयरवालाले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने लघुवित्त वित्तीय संस्थाको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन ।

३ योग्यता पुगेको शेयरवालाले सञ्चालक पदमा उम्मेदवार हुने मनोनयन पत्र स्वयं हस्ताक्षर गरि तोकिएको मिति र समयमा निर्वाचन अधिकृत समक्ष पेश गरिसक्नु पर्नेछ ।

४ यसरी मनोनयन पत्र दाखीला गर्दा आफु जुन समूहवाट उम्मेदवार हुने हो सोही समूहको एक जना शेयरवाला प्रस्तावक र एक जना शेयरवालाले समर्थकको रुपमा दस्तखत गरेको हुनु पर्दछ ।

५ प्रस्तावक र समर्थकको रुपमा दस्तखत गर्ने शेयरधनीले यस लघुवित्त वित्तीय संस्थाको कम्तीमा १० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

६ एक जना शेयरवालाले एक जना भन्दा वढि उम्मेदवारको लागि प्रस्तावक र समर्थकको रुपमा दस्तखत गर्न पाउने छैन ।

७ उम्मेदवार मनोनयन पत्र निर्वाचन अधिकृतको कार्यालय, फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड, ज्ञानेश्वर, काठमाण्डौंमा उपलव्ध हुनेछ ।

८ निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके अनुसार हुनेछ । निर्वाचन सम्वन्धी सम्पूर्ण कार्यक्रमहरु निर्वाचन अधिकृतको कार्यलयको सूचना पाटीमा मिति २०८३।०८।१६ गते प्रकाशित गरिने छ ।

९ प्रचलित नेपाल कानून तथा नेपाल राष्ट्र बैंकद्धारा जारी गरिएका निर्देशनहरुमा उल्लिखित योग्यता नपुग्ने व्यक्ति सञ्चालकको उम्मेदवार हुन योग्य हुने छैन ।

First Microfinance